नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Barakhamba Road, New Delhi-110001
Tel. : 23327361/23329218 Fax : 23326857

# नेपाली राजदूतावासको अपिल !

१. हाल भारतको राजधानी नयाँ दिल्ली लगायत विभिन्न राज्यहरूमा कोभिड-१९ ओमिक्रोन भेरियन्ट संक्रमण तीव्र वृद्धिभई तेस्रो लहरकोरुप लिईसकेको सन्दर्भमा भारतमा विभिन्न पेशा, व्यवसाय, रोजगारी तथा अध्ययनका सिलसिलामा बस्नुहुने नेपाली दिदीबहिनी तथा दाजुभाइलाई आवश्यक स्वास्थ्य सजगता अपनाउन एवम् यहाँको केन्द्र तथा सम्बन्धित राज्य सरकारद्वारा निर्धारित स्वास्थ्य सम्बन्धी मापदण्ड (Health Protocol) पूर्णरूपमा पालना गरी सुरक्षित रहन नेपाली राजदूतावास हार्दिक अपिल गर्दछ ।

२. यस विषम् परिस्थितिमा विचलित नहुन, घर वाहिर निस्कदा अनिवार्य मास्कको प्रयोग गर्न, हात नियमित सफा राख्न तथा स्यानिटाइजर प्रयोग गर्न, भौतिक दूरी कायम गर्न, भिडभाडबाट टाढा रहन, तथा अत्यावश्यक काम बाहेक घर वाहिर ननिस्कन राजदूतावास सबैमा अनुरोध गर्दछ ।

३. यस असहज समयमा पनि राजदूतावास खुल्ला रहने तथा कन्सुलर लगायतका सेवा निरन्तर प्रदान गरिनेछ । कुनै विषयमा सूचना तथा जानकारी, परामर्श, सल्लाह-सुझाव, समन्वय तथा सहयोगको लागि कार्यालय समय अघि-पछि तथा सार्वजनिक विदाको दिन समेत राजदूतावासको टेलिफोन नं. +९१-११-२३४७६२०० वा मोवाइल नं. +९१८९२९६०१९२५ (WhatsApp सेवा समेत्) वा इमेल: consular.delhi@mofa.gov.np मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०७८ पौष २८
नेपाली राजदूतावास, नयाँ दिल्ली